म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ८९ | शुक्रबार २५ कात्तिक २०७९ | ने. सं. ११४३ कछलाथ्व | 11 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयामा ट्याक्टर दुर्घटनामा परी घिसिङको मृत्यु

हेटौंडा, २४ कार्तिक/जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका-४ छतिवनमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बागमती-५ बगेरी बस्ने अन्दाजी २७ वर्षीय सत्यमान घिसिङको दुर्घटनामा परेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । घिसिङको घटना स्थलमै मृत्यु भएको जनाइएको छ । गएराती हेटौंडा-धरान-चतरा सडक खण्ड अन्तर्गत हेटौंडाबाट हात्तिसुढेतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१त ३४१ नम्बरको ट्याक्टर अनियन्त्रित भएर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा ट्याक्टरमा सवार ३५ वर्षीय दमै सिङ सिन्तान घाइते भएको र उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले ट्याक्टर चालकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# 'क्यासलेस' डिभाइस खरिदसम्बन्धी प्रस्ताव ६ महिनादेखि अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले सुरु गर्ने भनेको सार्वजनिक सवारीसाधनमा नगदरहित भाडा भुक्तानी प्रणालीको डिभाइस खरिदसम्बन्धी प्रस्ताव ६ महिनादेखि अलपत्र छ ।

बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयबीच विवाद हुँदा सार्वजनिक सवारीसाधनमा नगदरहित भाडा भुक्तानी प्रणालीको डिभाइस खरिदसम्बन्धी प्रस्ताव ६ महिनादेखि अलपत्रप परेको हो । नगदरहित भाडा प्रणाली डिभाइस जडान गरेपछि यात्रुले प्रि-पेड कार्डबाट भाडा भुक्तानी गर्न सक्छ । सुरुमा प्रत्येक यात्रुले प्रिपेड कार्ड लिनुपर्छ । उक्त कार्ड नि:शुल्क दिने व्यवस्था मिलाइएको छ ।

सवारीसाधनमा जडित डिभाइसमा प्रिपेड कार्ड घोटेपछि भाडा भुक्तानी हुन्छ । त्यसरी भुक्तानी भए, नभएको अनुगमन सरकारी निकायले गर्नेछ । अनुगमनकै लागि सवारीसाधनमा सीसी क्यामेरा जडान गरिनेछ । सुरुमा राजधानीको यात्रु बसमा यो डिभाइस लागू गर्ने योजना छ । बिस्तारै प्रदेशका सबै सार्वजनिक सवारीमा यो प्रणाली जडान गरिनेछ । यो प्रणाली लागू गरेपछि प्रत्येक यात्रुले छुट्टाछुट्टै कार्डबाट भाडा तिर्नुपर्छ । प्रिपेड कार्ड रिचार्ज गर्न मिल्ने हुन्छ । यो प्रणाली लागू गर्न यातायात व्यवसायी पनि राजी भइसकेका छन् । उक्त डिभाइसको प्रयोगले यात्रु नठगिने र सवारीधनीले लिने मुनाफा पनि



पारदर्शी हुने दाबी छ ।

सरकारी लगानीबिनै सुरुमा ८० करोड रुपैयाँभन्दा बढीको आर्थिक भार निजी क्षेत्रले नै बेहोरेर काठमाडौंका सार्वजनिक यातायातमा डिभाइस जडान गर्न लागिएको छ । खरिद प्रक्रिया रोकिएपछि प्रस्ताव पेस गर्नेबारे प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री घनश्याम दाहाल र मुख्यमन्त्री राजेन्द्र पाण्डेबीच विवाद भएको छ । जसको प्रस्ताव टेन्डर प्रक्रिया अन्तिम चरणमा पुऱ्याएका बेला मुख्यमन्त्री कार्यालयले तीन पटकसम्म कार्यविधि परिवर्तन गर्न लगाएर टेन्डर प्रक्रिया अघि बढ्न नदिएको स्रोतको दाबी छ ।

सार्वजनिक यातायातमा यात्रुले भाडा तिर्दा नगदरहित अर्थात यासलेस प्रणाली लागू गर्ने उद्देश्यले यातायात मन्त्रालयले डिभाइस र सीसीटीभी जडान तथा प्रिपेड कार्ड खरिदका लागि गर्न सार्वजनिक गरिएको टेन्डर रोकिएको स्रोतले बताएको छ । अमुक कम्पनीको पक्षमा परेर मुख्यमन्त्री कार्यालयले प्रक्रिया अघि बढ्न नदिएको उसको दाबी छ ।

प्रक्रिया अघि बढ्न नदिन अहिले पनि मुख्यमन्त्री कार्यालयले नेपाल राष्ट्र बैंक र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका विज्ञ बोलाएर टेन्डरको आर्थिक प्रस्तावबारे अध्ययन गरिरहेको छ । स्रोतका अनुसार उसले आर्थिक प्रस्ताव पेस गर्ने तीन कम्पनीमध्ये एउटाको मात्र फाइल अध्ययन गरेको छ । टेन्डरका इन्टरनेसनल प्राइभे काठमाडौं, वी पे थ्री काठमाडौं र डिजिटल ललितपुर प्रि-क्वालि थिए ।

सुरुमा ग सवारीसाधनमा नग भुक्तानी प्रणालीको सम्बन्धी प्राविधिक गरिएको थियो ।

मुख्यमन्त्री कार्यालयकै दबाबमा चैत २५ मा रद्द गरिएको थियो । दोस्रो पटक साउन १० मा आह्वान गरिएको प्राविधिक प्रस्ताव मन्त्रिपरिषद्बाट साउन १९ मा स्वीकृत गरिएको थियो । डिभाइस खरिदका लागि सेवा प्रदायक पाँच कम्पनीले प्रस्ताव गरेकामा तीन वटा प्रि-क्वालिफाइड भएका थिए । प्राविधिक प्रस्ताव अनुसार पाँचमध्ये तीन कम्पनी छानिएका थिए । प्राविधिक प्रस्तावपछि तीन कम्पनीको आर्थिक प्रस्ताव खोल्ने सचना प्रकाशन गर्नै रोकेपछि विवाद बढ्दै गएको उनको दाबी छ ।

मुख्यमन्त्री कार्यालयले टेन्डर पाउने तीन कम्पनीमध्ये एकलाई हटाउन खोजेको बताइएको छ । त्यसका लागि उसले कार्यविधिमा भएको वित्तीय संस्थालाई टेन्डरमा भाग लिन नपाउने प्रावधान राख्न खोजेको थियो । तर प्रदेश यातायात मन्त्रालयले उक्त प्रावधान हटाउन नहुने अडान लिएपछि मुख्यमन्त्री कार्यालयले विज्ञहरूको सल्लाह लिने भन्दै पुन: समिति गठन गरेर विभिन्न सर्त अघि सारेको यातायात मन्त्रालयका उक्त अधिकारीले बताए । कार्यविधिको १३ औं बुँदामा विद्युतीय कार्ड र दूरसञ्चारका माध्यमबाट भुक्तानी गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति वा अनुमति प्राप्त भएको प्रमाणपत्र पेस गर्नुपर्ने वा सार्वजनिक सवारीसाधनमा भाडा भुक्तानी गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति वा अनुमतिप्राप्त भएको प्रमाण पेस गर्नुपर्ने उल्लेख छ । प्रावधानअनुसार वित्तीय संस्थाहरूले पनि टेन्डरमा भाग लिन पाउनेछन् ।

### लिङ्देनको भाषण:

# 'एउटै कुरा माग्छु, दिपक सिंह पठाइदिनुस्'

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले आगामी निर्वाचनमा मकवानपुरले न्याय गरोस् भन्दै मतको अपिल गरेका छन् ।

राप्रपाको बकैया गाउँपालिका जुरेलीमा भएको चुनावी सभालाई सम्बोधन गर्दै लिङ्देनले राप्रपाबाट प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेदवार उठेकाहरुलाई जिताएर न्याय गरेको हेर्न मन भएको बताए । उनले आफ्नो अधिकांश भाषणमा मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ का उम्मेदवार दिपकबहादुर सिंहलाई चुनाव जिताएर पठाउन आग्रह गरिरहे । राप्रपाको भ्रष्टाचार नियन्त्रण अभियानका लागि मकवानपुरबाट सिंहलाई संसदमा पठाउन लिङ्देनले आग्रह गरे । लिङदेनले अघिल्लो संसदमा आफु एक्लै हुँदा पनि भ्रष्टचारविरुद्ध र राष्ट्रियताको पक्षमा निरन्तर बोलेको बताउँदै मकवानपुरको साथ खोजेको बताए । 'तपाईहरुसँग एउटै कुरा माग्छु, मलाई साथी दिपक सिंह पठाइदिनुस्', उनले भने ।

मकवानपुरका मतदाताहरु-लाई गम्भीर समिक्षा गरेर मतदान गर्न अनुरोध गरेका छन् । उनले निर्वाचनमा छोरी दिँदा जस्तै विचार गरेर भोट दिन आग्रह गरे । 'छोरी दिँदा जसरी सोच विचार गरेर दिन्छौं, भोट दिँदा पनि त्यसै गरेर दिनूस् । सोचेर मत दिनुस्', उनले थपे । ठूला दलहरुले देशलाई चक्रव्युहमा फसाएको आरोप लिङ्देनले लगाए । देशको विकास र समृद्धिका लागि आफ्नो पार्टीलाई सरकारमा पठाउने गरि मतदान गरिदिन उनले आग्रह गरे । उनले ठूला पार्टीका नेताहरु भ्रष्ट भएको र नेपालको राजनीति परिवर्तन गरेको भन्नेहरु असफल भएको आरोप लगाए । वर्तमान राजनीतिक व्यवस्था पनि असफल हुन पुगेको भन्दै उनले देशको शासकीय प्रणाली र निर्वाचन प्रणालीमा आमुल परिवर्तन गर्नुपर्ने बताए ।

व्यवस्थामा सुधार र परिवर्तन नभए मुलुक र जनताले परिवर्तन नपाउने उनको दाबी थियो । वर्तमान व्यवस्थाले मुलुकको भविष्य सुरक्षित नभएको लिङ्देनले दाबी गरेका छन् । राप्रपाले प्रधानमन्त्री सोझै जनताले चुन्ने र अभिभावकीय भूमिकामा राज संस्था रहने एजेण्डा बोकेको बताए । मुलुकमा स्वास्थ्य र शिक्षा नि:शुल्क हुनुपर्ने उनको भनाई छ । घरजग्गा जान्छ भनेर बिरामीहरु अस्पताल जान नसकेको भन्दै मुलुकलाई आर्थिक समृद्धिमा लगेर शिक्षा र स्वास्थ्य नि:शुल्क बनाउनु पर्ने लिङ्देन बताउँछन् । देशमा न्याय किनबेच भइरहेको उनले आरोप लगाए ।

चुनावी सभालाई सम्बोधन गर्दै उम्मेदवार सिंहले भने, 'म मरेर लानु केही छैन । म मकवानपुरलाई विकास र समृद्ध यसरी हुन्छ भनेर उदाहरणीय बनाउन चुनाव लडेको हुँ । म जनताको जन गठबन्धनबाट उठेको छु जनताको लागि मन, वचन र कर्मले काम गर्नेछु', उनले धर्मको विषयमा राप्रपा संक्रिण नरहेको भन्दै मन्दिरदेखि गुम्बा, मस्दिज, चर्च र देवालय बनाउने सिंहले बताए । उनले आफूले वेइमान कहिल्यै नगर्ने भन्दै पाँच वर्ष १ नम्बर क्षेत्र र यहाँका जनताका लागि रगत पसिना बगाउने उनले बताए । 'कमल थापा जीले नबोकेको जनजातीको छोरा राजेन्द्र लिङ्देनलाई यो ठकुरीको छोराले प्रधानमन्त्री बनाउन बोकेको छ यो मेरो र परिवारको स्वार्थको लागि होइन मकवानपुरको अभिभावकहरुको आशा, युवाहरुको भविष्यको लागि हो ।,' उनले भने ।

राप्रपाका प्रदेशसभा १ को (क)का उम्मेदवार सागर थापाले सबै कांग्रेस, सबै ऐमाले, सबै माओवादी कार्यकर्ताहरु खराब नेतृत्वका कारण पीडित बनिरहेको बताएका छन् । 'म विश्वास दिलाउन चाहान्छु । राप्रपा त्यस्तो गौरवशाली पार्टी हो जसले जनजाती, आदिवासी र दलित समुदायलाई नेतृत्वको मौका दिलाएको छ । म जनजातिको छोरा ग्यारेन्टी गर्दछु कि कुनै हामी सबै दलका कार्यकर्ता र मतदाताहरु प्रति कुनै पक्षपात र बैरभाव राख्ने छैनौ,' उनले भने ।

# जनताको मतको अपमान गर्नेलाई बहिष्कार गरौ :पराजुली

साझाकुरा संवाददाता

हेटौंडा/गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रदेशसभा 'ख' का उम्मेदवार नेपाली कांग्रेसका नेता आनन्दराम पराजुलीले जनताको मतको अपमान गर्नेलाई बहिष्कार गरेर गठबन्धनका उम्मेदवारलाई मतदान गर्न आग्रह गरेका छन् ।

बिहीबार गठबन्धनको आयोजनामा हेटौंडामा भएको प्रदेशसभा 'ख'का अगुवा कार्यकर्ता भेलामा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । 'जनमतको अपमान गर्ने, पटक पटक संसद् विघटन गर्ने, संविधान माथि प्रहार गर्नेलाई होइन अब गठबन्धनलाई मतदान गर्नुहोस् हामी गठबन्धनको मात्र होइन एमालेसहित अन्य दलको समेत साझा भएर काम गर्नेछौं', पराजुलीले भने, 'संविधान र मुलुक बचाउँदै देशको विकास र समृद्धिका लागि गठबन्धन भएको छ ।

तानाशाहको विरुद्ध गठबन्धन भएको भन्ने बुझ्न जरुरी छ ।' सत्तारुढ दलको माहौल देखेर विरोधीहरु सल्बलाइरहेको भन्दै उनले गठबन्धनको बीचमा फाटो ल्याउन अनेक षड्यन्त्र र अन्यौलता पैदा गर्ने काम भैरहेकोले सतर्क र हन आग्रह गरे । 'जनताको बीचमा जाने कुनै मुद्दा नै नभएपछि अहिले गठबन्धनको बीचमा भ्रम पैदा गर्ने, झुटा कुरा गर्ने काम भैरहेको छ', पराजुलीले थपे, 'यी सबै कुरालाई चिर्दै पहिले जनताले गलत ठाउँमा मतदान गरे, अब हामी गठबन्धनको मात्र नभई सबैको साझा भएर काम गर्छौं भन्ने बिषय जनतालाई बुझाउन जरुरी छ ।'

केही उम्मेदवार भोट किन्न भनेर सल्बलाइरहेकोप्रति सचेत गराउँदै उनले त्यस्ताको पछि लाग्न नहुने बताए । 'अहिले भोट किन्नेले पछि पैसा नलिइ काम गर्दैन भन्ने बुझ्न जरुरी छ । अहिले भोट किन्नेले पछि जनतासंग पैसा नलिइ काम गर्नेवाला छैन', पराजुलीले भने ।

कांग्रेसका क्षेत्रीय उपसभापति विनोद शर्माको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष सूर्यचन्द्र न्यौपाने, माओवादीका समानुपातिक सांसद्का उम्मेदवार भागिरथ नेपाल 'रामजी', कांग्रेस नेता प्रदीप कोइराला, माओवादीका उपमहानगर अध्यक्ष तीर्थबहादुर थापा लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

☞ कार वास भित्र/बाहिर

☞ वाइरिङ मर्मत

☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ

☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने

☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ

☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट

☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

BBS ADMISSION OPEN



Hetauda-4, Makawanpur

info@hsm.edu.np

057524701, 057524711

9855074222

www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

साझाकुरा

## हाम्रो कुरा

# विशेष योजनाबिना बालश्रममुक्त असम्भव

मकवानपुर जिल्लाको मनहरी गाउँपालिकालाई देशमै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरियो । निकृष्ट श्रम गर्ने बालबालिकाको संख्या नभएको भन्दै गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका त घोषणा गरियो । तर, बालबालिकाको क्षेत्रमा लामो समयदेखि कार्य गर्दै आएको सिविन बाल हेल्पलाइनले गरेको अध्ययनले गाउँपालिकाको २, ४, ६ र ८ नम्बर वडाका सात हजार १४ जना बालबालिकामध्ये तीनसय ५१ जना बालबालिका बालश्रममा रहेको देखाएको छ । यसबाट योजनाविहीन तरिकाबाट घोषणा गरेर मात्रै बालश्रम न्यूनीकरण नहुने तथ्य प्रष्ट भएको छ ।

बालश्रममा जानुको कारणहरुमा आर्थिक, घरेलु हिंसा, साथीभाइहरुको प्रभाव, आर्थिक सहयोगका लागि परिवारबाट दबाब, रोजगारदाताद्वारा प्रभावित पारेर, पढाइमा रुचि नभएर लगायत छन् । बालश्रममा लागेका बालक दुई सय ३९ जना र बालिका एक सय १२ जना छन् । बालश्रममा घरेलु बालश्रम र गलैंचा कारखाना र यातायात क्षेत्रमा बढी बालबालिका कार्यरत् रहेको पाइएको छ । बालश्रममुक्त गाउँपालिका घोषणा गर्न तय गरिएको न्यूनतम मापदण्ड र सूचकहरुको आधारमा मनहरी गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका त घोषणा गरियो तर, त्यसले दीगोपन हासिल गर्न नसकेको स्पष्ट पारेको छ । घोषणाको अवधिसम्म मापदण्ड र सूचकहरु पूरा भयो होला तर, त्यसलाई निरन्तरता दिन भने गाउँपालिका असफल भएको स्पष्ट देखिएको छ ।

लोककल्याणकारी राज्य संरचना निर्माणको परिकल्पना साकार पार्न स्थानीय सरकारहरु लागिपरेका छन् । तर, त्यसको दीगोपनको लागि विशेष योजनाहरु भने बनाएको पाइएको छैन । बालश्रम मुक्त बनाउन के कस्ता योजनाहरु ल्याइए ? श्रम गर्न बाध्य बालबालिकाको परिवारको समस्या, तिनका अभिभावकहरुले गर्ने कार्यहरु, त्यसमा स्थानीय सरकारको तर्फबाट गर्नुपर्ने टेवामूलक कामहरु, आयमूलक कार्यहरुमा अभिभावकको सहभागिता, अनुदान कार्यक्रममा उनीहरुको पहुँच, बालश्रम गर्ने बालबालिकाहरुलाई श्रमबाट फर्काइएपछि उनीहरुको शिक्षादीक्षाको व्यवस्थापन, भरणपोषणको व्यवस्था, उनीहरुबाट आश्रित अभिभावकको अवस्था लगायत विषयमा विशेष अध्ययन गरेर 'विशेष कार्यक्रम' नल्याई बालश्रममुक्त बनाउन खोज्नु निरर्थक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कार्तिक २६ गते शनिबार १२ नोभेम्बर २०२२ । कार्तिक चतुर्थी कृष्णपक्ष। कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२१, सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : गलत विचार बढ्ने | तुला | : कार्यान्तरण हुन सक्ने |
| वृष | : काममा अबरोध आउने | वृश्चिक | : शुभ समाचार सुन्न पाइने |
| मिथुन | : अधुरा काम पूरा हुने | धनु | : अनावश्यक खर्च बढ्ने |
| कर्कट | : घरेलु समस्याले सताउने | मकर | : भोजको अवसर मिल्ने |
| सिंह | : कुरा काट्नेहरु सक्रिय हुने | कुम्भ | : स्वास्थ्य बिग्रन सक्ने |
| कन्या | : नयाँ काम हात पर्ने | मीन | : रमाइलोमा समय बित्ने |

# 'आकाशमुखी' घोषणापत्रले भुईं कसरी देख्ला ?



**मनिकर कार्की**

मध्य शरदमा मौसम चिसिंदै गर्दा गाउँशहर, टोलबस्तीहरूमा भने चुनावी सरगर्मी बढ्दै गएको छ । आसन्न प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी दिएका दलीय प्रतिनिधि तथा स्वतन्त्र उम्मेदवार हरूले आ-आफ्नो चुनावी क्षेत्रमा चुनाव प्रचार प्रसार अभियानलाई तीव्र बनाएका छन् ।

दलहरूले आयोजना गर्ने चुनावी भेला, सम्मेलन तथा सभाहरूले गाउँ-शहरमा एकखाले रौनक थपिएको छ । चुनाव प्रचारमा हिंडेका मानिससँगको जम्काभेट अनि चोक-चौबाटोका चिया पसलहरूमा हुने चुनावी विश्लेषण, अड्कलबाजी र निर्क्योलका संवादहरूले चुनावी माहोल गाउँ-गाउँसम्म पुगेको छनक दिन्छ ।

अहिले दलका नेता-कार्यकर्ता मतदाता फकाउन अनेकन् उपाय गर्दै गाउँ पसेका छन् । धेरैभन्दा धेरै मतदातासम्म पुग्ने अभिलाषाका साथ उम्मेदवारहरू कुदिरहेका छन् भने दलका नेताहरू देश दौडाहमा व्यस्त छन् ।

सबैले आफ्नो हैसियत र गच्छे अनुसार चुनावी प्रचारलाई तीव्र पारेका छन् । शहर-बजारतिरका होटल, पार्टी प्यालेस, क्याफे अनि रेस्टुरेन्टहरू चुनावी अभियान संचालन गर्ने र अभियन्ताहरूको विश्राम स्थान बनेका छन् भने गाउँघरतिर चैं चोक-चौतराहका चियापसल चुनावी प्रचार केन्द्र बनेका छन् ।

गाउँघरतिर ठाउँ-ठाउँमा त्रिपाल टाँगेर प्रचार-प्रसारमा हिंड्नेहरूका लागि खानपिनको व्यवस्था मिलाउने मेस चलाउने चटारो बढ्दै गएको देखिन्छ ।

ससञ्जालहरू उसैगरी चुनावी प्रचार सामग्रीले भरिभराउ छन् । चुनावी गीत-संगीतको प्रवाह पनि उत्तिकै बढ्दै गएको छ । सञ्चार माध्यमहरूमा पनि अब प्रचार सामग्री बज्न र छापिन थालिसकेका छन् । सुरक्षाकर्मीको व्यस्तता पनि उत्तिकै बढ्दै गएको देखिन्छ । राज्यका सबै अंगहरूको सक्रियता बढ्दै गएको देखिन्छ । घन्टा-घन्टाको समाचारमा चुनावी गतिविधिले प्राथमिकता पाउन थालेका छन् । यी समग्र दृश्यहरूले मुलुकमा चुनावी सरगर्मी बढ्दै गएको अनुभूति हुन्छ ।

यसैबीच दलहरूले चुनावी घोषणापत्र अनि अपिलमार्फत मतदातासमक्ष आफ्ना एजेण्डा प्रस्तुत गर्दैछन् । उनीहरूले अहिलेसम्म प्राप्त भएका राजनीतिक उपलब्धिहरूलाई संस्थागत गर्दै अब विकास, समृद्धि, सुशासनलाई आफ्ना चुनावी मुद्दा बनाएका छन् । दलहरूले व्यवस्थामा आएको परिवर्तनलाई संस्थागत गर्दै जनताको अवस्था फेर्ने वाचा गरेका छन् । शासकीय स्वरूपमा परिवर्तन, संघीयताको सही कार्यान्वयनका साथै आर्थिक विकास र समृद्धिलाई नै दलहरूले केन्द्रीय विषय बनाएका छन् ।

त्यसैगरी राज्यको सेवा प्रवाहमा द्रुततासँगै समानता कायम गर्ने, आर्थिक तथा सामाजिक न्याय स्थापित गर्ने र जनताको स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको हकलाई व्यवहारमा उतार्ने उद्घोष गर्दै चुनावी प्रतिबद्धता जनाएका छन् । मूलभूत रूपमा आर्थिक, भौतिक र सामाजिक विकासका विभिन्न पक्षहरूलाई दलहरूले आफ्ना प्राथमिकतामा राखेका छन् ।

गएको निर्वाचनमा वामपन्थी गठबन्धनसहित झण्डै दुईतिहाइ जनमत प्राप्त गरेको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले आफ्नो सरकारको पालामा अघि सारेको 'समृद्ध नेपाल: सुखी नेपाली'को राष्ट्रिय संकल्पलाई निरन्तरता दिंदै मुलुकको समृद्धिका लागि राष्ट्रिय अर्थतन्त्रको निर्माणमा जोड दिने कुरालाई प्राथमिकताका साथ घोषणापत्रमा उल्लेख गरेको छ ।

एमालेले सुशासन, विकास, समृद्धि र समानतालाई चुनावी घोषणापत्रको मुख्य विषय बनाएको छ । जसलाई हासिल गर्नका लागि बलियो राष्ट्रियता सहितको सुदृढ लोकतन्त्र, दिगो आर्थिक विकास, वैज्ञानिक भूमि व्यवस्थापन सहित कृषिमा भूमिको पानीको उपयोग, सहकारी र औद्योगिकीकरणमा जोड, महिला सहभागिता र सशक्तीकरण, करप्रणालीको सुधार, सूचनाप्रविधि र प्रेस स्वतन्त्रता, पर्यटन र संस्कृतिलगायतका आर्थिक तथा सामाजिक विकासका विभिन्न ३० क्षेत्र समेटेर पाँचवर्षे नीति-कार्यक्रम सार्वजनिक गरेको छ ।

एमालेले आफ्नो चुनावी घोषणापत्रमा 'समृद्ध नेपाल र सुखी नेपाली' को नारालाई मूर्त रूप दिने संकल्प गरेको छ । तर, यो नाराको सामाजिक पक्ष भने अस्पष्ट र आलंकारिक देखिन्छ । किनकि जनतालाई चाहिएको सुख हो कि खुसी ? यो आफैंमा अमूर्त कुरा हो । किनकि नेपाली गाउँ-समाजमा सुखलाई दु:खको पर्यायवाचीको रूपमा अर्थ्याइन्छ । अनि समाजले कामलाई पनि दु:खकै रूपमा परिभाषित गरिदिएको छ । सुख पाउनु भनेको केही काम नगरी बसी-बसी खान पाउनु हो भन्ने मान्यता स्थापित छ ।

त्यसैले 'सुख'ले आर्थिक, सामाजिक रूपान्तरणसहितको उत्पादनशील कर्मलाई सम्बोधन गर्दैन कि ? खासमा सुखी हैन 'खुसी' नेपालीको मानकले चैं उत्पादन, उपभोग र आम्दानीको चक्रीय आवृत्तिलाई सम्बोधन गर्न सक्छ । अनि खुसी हुनु भनेको सबै समस्या र झन्झटबाट मुक्ति पाउनु र समाजमा सम्मानित जीवन जिउन पाउनु हो । हरेक व्यक्तिको मुहारमा छाउने मुस्कान नै समृद्धिको द्योतक हो । त्यसैले 'खुसी शास्त्र'को अर्थ-राजनीतिक कार्यदिशा नै विकास, समृद्धि र उन्नतिको पहल हुन सक्छ ।

त्यस्तै वर्तमान सत्ता गठबन्धनको प्रमुख घटक एवं दोस्रो ठूलो दल नेपाली कांग्रेसले सन्तुलित विदेश नीतिलाई प्राथमिकतामा पार्दै एमसीसी संसदबाट पारित भएको प्रसंग र देउवा सरकार गठनको विषयलाई 'उपलब्धि'को रूपमा व्याख्या गर्दै चुनावी घोषणापत्र जारी गरेको छ । उसले विदेशी दातृ निकाय र अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुने अनुदान र सहयोगलाई राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुरूप प्रयोग गर्ने नीति अगाडि सार्दै नवउदारवादी अर्थ-राजनीतिक नीति तथा कार्यक्रमलाई घोषणापत्रमा समेटेको छ ।

वैश्विक अर्थ-राजनीति, सुरक्षा एवं पर्यावरणका विविध पाटा-पक्ष केलाउँदै नपाली कांग्रेसले आफ्नो घोषणापत्रलाई कूटनीतिक दस्तावेजको स्वरूप दिएको छ । मुलुकलाई समुन्नत बनाउने उद्घोष गरेको नेपाली कांग्रेसले लोकतन्त्रको शुद्धीकरण तथा सुशासन, समावेशी आर्थिक सामर्थ्य, समन्यायिक समाज र सांस्कृतिक सह-अस्तित्व लगायतका विषयलाई प्राथमिकतामा राखेको छ । पूँजीवादको बजारमुखी चरित्रलाई सामाजिक सुरक्षाका कार्यक्रमहरूले प्रतिस्थापित गर्दै जाने उद्घोष गरेको नेपाली कांग्रेसले यसपटक सामाजिक सुरक्षा सम्बन्धित केही प्रचारमुखी नारा पनि तय गरेको छ ।

त्यसैगरी विगतदेखि नै 'छलाङ र क्रमभंगता'लाई बेला-मौकामा उद्धृत गर्दै आएको नेकपा माओवादी केन्द्रले यसपटक पनि 'समृद्धिका लागि क्रमभंगता' को नारासहित आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । माओवादी केन्द्रले विशेषत: विद्यमान शासकीय स्वरूपको परिवर्तन गरी प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीसहितको शासकीय स्वरूप अवलम्बन गर्ने घोषणासहित प्रतिबद्धतापत्र ल्याएको छ । घोषणापत्रमा माओवादीले सामाजिक न्यायसहितको समृद्धिमार्फत समाजवादको आधार तयार गर्ने किटान गरेको छ । अहिलेको राजनीतिक परिवर्तनलाई सामाजिक-आर्थिक क्षेत्रमा विस्तार गरेर समृद्धि हासिल गर्नु, त्यसलाई सामाजिक न्यायसँग अभिन्न रूपमा जोडेर सामाजिक न्यायसहितको समृद्धिको रूपमा अघि बढाउनु, जनताको जनजीविकाको आधारभूत समस्या समाधान गर्नु र उत्पादक शक्तिको विकास एवं उत्पादनको वृद्धिसहित समाजवादको आधार तयार पार्नुलाई नै माओवादीले मुख्य ध्येय ठानेको छ ।

उता जनता समाजवादी पार्टीले पनि नेपाली समाजको बहुलतालाई स्वीकार गर्दै समाजमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य गरी पहिचानसहितको संघीयता संस्थागत गर्ने तथा समाजवादी अर्थ-राजनीतिक कार्यदिशा लागू गर्ने उद्घोषका साथ आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

जसपाले सहभागितामूलक समावेशी लोकतन्त्र स्थापित गर्ने, सुशासन र सदाचारको माध्यमबाट आर्थिक तथा सामाजिक न्यायसहितको समतामूलक समृद्धि र मानवीय खुसी हासिल गर्ने, समानुपातिक निर्वाचन प्रणाली र समावेशीकरणलाई जोड दिंदै सामाजिक सुरक्षासहितको लोककल्याणकारी राज्य स्थापना गर्ने विषयलाई प्राथमिकता दिएको छ ।

साथै, नेपालमा बहुमतको सरकार र अल्पमतको विपक्षको परम्परागत लोकतन्त्रको मान्यता असफल भइसकेको जनाउँदै जसपाले पूर्ण समानुपातिक संसद र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको शासकीय स्वरूपमार्फत राजनीतिक स्थायित्व कायम गर्ने लक्ष्य लिएको छ । उसले देशमा व्याप्त गरिबी, बेरोजगारी र अशिक्षाको अन्त्य गरी शिक्षा, स्वास्थ्य, आवास, रोजगार र सुरक्षामा सबैको समान पहुँच र अधिकारको प्रत्याभूति गराउने कुरालाई प्रमुखताका साथ घोषणापत्रमा उल्लेख गरेको छ ।

त्यस्तै संविधान संशोधनमार्फत संघीय संरचनाहरूको निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना, जनलोकपालको गठन, उत्पीडित समुदायको हक, अधिकार र पहिचानलाई सुनिश्चितता, नागरिकतामा विद्यमान लैंगिक विभेद अन्त्य गर्दै समावेशी लोकतन्त्रका आधारभूत पक्षहरू जस्तै: राजनीतिक लोकतन्त्र, आर्थिक लोकतन्त्र, सामाजिक तथा सांस्कृतिक लोकतन्त्र, पर्यावरणीय लोकतन्त्रलाई संस्थागत गर्दै सामाजिक न्याय स्थापित गर्ने उल्लेख गरेको छ ।

यसका अलावा अन्य दलहरूले पनि यसपटक विकास, समृद्धि र आर्थिक-सामाजिक रूपान्तरणकै मुद्दाहरूलाई प्राथमिकतामा राखेर आफ्ना चुनावी घोषणापत्र ल्याएका छन् । दलहरूले आफ्ना घोषणापत्रहरूमा वार्षिक पाँच लाखदेखि २० लाखसम्म रोजगारी सिर्जना गर्ने उद्घोष गरेका छन् भने पाँच वर्षमा अर्थतन्त्रलाई १०० खर्ब पुऱ्याउने घोषणासमेत गरेका छन् ।

चुनावी घोषणापत्रकै सवालमा भने स्वतन्त्र व्यक्ति, समूह र नयाँ दलहरूको चुनावी एजेण्डामा राजनीतिक दलहरूले विगतमा गरेका गल्ती-कमजोरीलाई नै उजागर गर्दै आफूलाई 'विकल्प'को रूपमा प्रस्तुत गर्ने जमर्को गरेका छन् । उनीहरूको नीति, कार्यक्रम र प्राथमिकताहरूमा मुलुकको बृहत् अर्थ-सामाजिक रूपान्तरणको खाका छैन बरु, उनीहरूले पुराना पार्टीहरूको खस्कँदै गएको लोकप्रियतालाई भजाउन खोजेको देखिन्छ ।

सारमा भन्नुपर्दा राजनीतिक दलका घोषणापत्र सुन्दर छन् । विकास, समृद्धि, उन्नति र प्रगतिको सुन्दर भाष्यसहित लेखिएका घोषणापत्रहरू निकै प्राज्ञिक अनि ज्ञानबर्द्धक पनि लाग्छन् ।किनकि घोषणापत्र मिठासयुक्त भाषामा लेखिएका छन् । अब्बल रूपमा सम्पादन र पुन:सम्पादन गरी छापिएका छन् । तर, ती घोषणापत्र पढ्दै गर्दा एउटा व्यक्तिको निजी जीवनमा परिवर्तन ल्याउने ठोस आधार भने कमै भेटिन्छ । एउटा व्यक्तिको निजी अर्थतन्त्रलाई कसरी सुधार गर्ने ? भन्ने सवालको ठोस उत्तर भने भेटिंदैन ।

समृद्धिको भाष्यलाई अलि सरलीकृत गर्ने हो भने यसको सीधा अर्थ हुन्छ, व्यक्तिको दैनिकीमा आउने सहजता । अर्थात्, हरेक व्यक्तिले कति सहज ढंगबाट आफ्ना आवश्यकताहरू पूरा गरेको छ ? कति सहजतापूर्वक जीवनयापन गरेको छ ? कति सहजतापूर्वक समाजमा सम्मानित भएर बाँचेको छ ? यी नै समृद्धिका सूचकांक हुन् । तर, दलहरूले चुनावी घोषणापत्रमा समृद्धिको भाष्य लेखिरहँदा यी सवालहरू अनुत्तरित छन् ।

यसर्थ, ती अभावमा पिल्सिएका जनताको घर-आँगनमा उज्यालो छर्नका लागि अहिलेको विद्यमान अर्थतन्त्रको संरचनागत परिवर्तन अपरिहार्य छ । आकाशमुखी विकास र बजारमुखी नीतिले गरिबी हट्दैन । अग्लिंदै गएको असमानता घट्दैन । सामाजिक र आर्थिक न्याय स्थापित हुँदैन ।

समाजको जराबाट समृद्धिको बिरुवा पलाउनुपर्छ । जसका लागि संरचनागत परिवर्तनसहित सुशासन र सदाचारयुक्त कल्याणकारी शासन व्यवस्था अवलम्बन गर्नु जरूरी छ । चुनावी अभियानकै क्रममा यो पंक्तिकार पनि हालसालै कपिलवस्तु, नवलपरासी एवं रूपन्देही जिल्लाका ग्रामीण गाउँबस्ती पुगेको थियो । ती गाउँका समस्या साझा छन् । गाउँबस्तीमा राम्रो शिक्षा दिने विद्यालय छैनन् । उच्च शिक्षा पढाइ हुने क्याम्पस छैन । स्वास्थ्य संस्था छ तर, औषधि छैन । राज्यले नि:शुल्क वितरण गर्ने औषधिहरूको सूची छ तर, औषधि छैन । गाउँघरमा शौचालय छैन । सुरक्षित र स्वच्छ पिउनेपानी छैन । मान्छे निरोगी हुनसकेको छैन । रोगीको उपचार हुनसकेको छैन । युवाहरूलाई काम छैन । त्यहाँका मानिसहरू चुनावमा भोट माग्न आउने नेता-कार्यकर्तालाई यस्तै यस्तै कथा र व्यथा सुनाउँछन् ।

त्यसैले विकास र समृद्धिको खाका कोर्दै गर्दा कपिलवस्तु शिवनगर गाउँपालिकाको कुकुरभुकुवा गाउँका झोपडपट्टी बस्तीका जनताको अनुहार हेर्नु जरूरी छ । अनि त्यही झुपडीलाई नै संसार ठानेर दु:खजिलो गर्दै जीवन धान्दै आएका अभावग्रस्त जनताको आकांक्षा ती दलीय घोषणापत्रले समेट्न सक्छन् ? चुनाव प्रचारप्रसारका क्रममा भोट माग्न जाने नेता तथा कार्यकर्तालाई उनीहरूले बिसाउने अभाव, अपमान र असमानताको गह्रुँगो भारीलाई कसरी पार लगाउलान् ?

कमाउन विदेश गएको तर, त्यहाँ अलपत्र परेको छोरालाई सम्झेर भक्कानिएका आमाबाबुको आँखा कहिले ओभानो होला ? मलिन अनुहार लगाउँदै काखे सन्तानलाई च्याप्दै आफ्ना खसमलाई खाडी पठाउन बाध्य जोईको अनुहार कहिले उज्यालो होला ? गरिबीको भारीले थिचिएर चाउरी परेका अनुहारहरूमा खुसी कसरी आउला ? नाम मात्रको स्वास्थ्य संस्थामा ओखती नपाएर 'देउता'कै भर परेको रोगी शरीरले कतिञ्जेल संसार देख्ला ? अनि के सधैं आकाशमुखी प्रतीत हुने दलीय घोषणापत्र र सरकारी शैलीले भुइं देख्ला ?

जबसम्म हरेक राजनीतिक दलको आकाशमुखी सोच, चिन्तन र कार्यशैलीमा परिवर्तन हुँदैन, भुईंतहका जनताको अभावग्रस्त जिन्दगीले सुबिस्ता पाउने छैन । तिनले त्यतिबेला परिवर्तन महसुस गर्नेछन् जुन बेला कुकुरभुकुवा गाउँका अभावग्रस्त नागरिकका झुपडी फेरिनेछन् । उनीहरूको दैनिकी फेरिनेछ अनि त्यहाँ राज्यको आधारभूत सेवासहितको रोजगारी र स्वरोजगारको अवसर पुग्नेछ ।

यसका लागि ठूला घोषणा र तथ्यांकरूपी विकास, समृद्धिका आकाशमुखी योजना होइन, व्यक्तिको घरपरिवार, समाज र समुदायकेन्द्रित जमिनमुखी कार्यक्रम जरूरी छ । तब मात्र परिवर्तन सम्भव हुनेछ । देशमा समृद्धि आउनेछ । जनताको उन्नति हुनेछ ।

*साभार: अनलाइनखबर*

# 'व्यवसायीको पकडमा गयो शिक्षा, दलहरू हटाउन चाहँदैनन्

**गोपीनाथ मैनाली**

ठूला राजनीतिक दलहरूले शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाका विषयहरू पहिलादेखि नै महत्वका साथ उठाउँदै आएका छन् । तर, उनीहरूले सधैं झैं उठाउँदै आएको विषय आगामी दिनमा पूरा गर्छन् भनेर आश्वस्त कसरी हुने भन्ने ठूलो प्रश्न हो । विगत हेरेर उनीहरूले घोषणापत्रमा समेटेको विषय पूरा गर्छन् भन्ने विश्वास गर्ने आधार छैन ।

शिक्षामा अहिले दुई-तीन वटा समस्या छन् । त्यसलाई सम्बोधन गर्ने पक्षमा दलहरूको लक्षण हामीले देखेका छैनौं । जस्तो अहिले हाम्रो शिक्षाले दुई प्रकारको नागरिक उत्पादन गरिरहेको छ । एउटा अलिकति अवसर किन्न सक्ने, अवसर लिन सक्ने, स्वतन्त्रताको बढी उपयोग गर्न सक्ने, बढी क्षमता विकास गर्न सक्ने, विदेश जान सक्ने नागरिक उत्पादन भइरहेको छ ।अर्को चाहिं सामान्य व्यक्ति उत्पादन भइरहेको छ । सामान्य प्रकारका शिक्षा लिने, सामान्य प्रकारको अवसर लिन सक्ने, आफ्नो जीवनकाल सामान्य अवसरमा मात्रै बिताउन सक्ने खालको जनशक्ति उत्पादन भइरहेको छ ।

राम्रा विद्यालयमा पढ्न सक्नेले जीवन अवधिको अवसर धेरै भोग्ने भइरहेका छन् तर सामान्य विद्यालय पढेकाले सामान्य खालकै अवसर पाइरहेको अवस्था छ । यो अहिलेको हाम्रो शिक्षाले गरिरहेको विभेद हो । अर्को शिक्षामा सामान्य सबै व्यक्तिलाई सामान्य खालको शिक्षा दिइयो । जसले शिक्षा र सीप, सीप र श्रमको नाता तोडेका छौं ।

पढेका मान्छेहरूले परिश्रम गर्नुहुँदैन, सीप सिक्नुहुँदैन, शिक्षा भनेको ज्ञान मात्रै हो भन्ने किसिमको भाष्य बनेको छ र त्यो प्रकारको सामाजिक अभिमुखीकरणले सामाजिक संस्कृति नै त्यो खालको बसिसकेको छ । त्यसलाई निमिट्यान्न र शिक्षा सबैको साझा विषयवस्तु हो भन्ने किसिमको बनाउनुपर्छ ।

शिक्षामा राजनीतिक दलहरूले स्पष्ट दृष्टिकोण ल्याउन सकेनन् । किनभने सबै जसो राजनीतिक दलहरूमा शिक्षामा व्यवसाय गर्ने मान्छेहरूको पकड छ । करिब ७ हजार विद्यालय र ८६ वटा क्याम्पस विदेशी विश्वविद्यालयको पाठ्यक्रम अनुसार निजी स्तरबाट सञ्चालित छन् । सञ्चालकहरू कुनै न कुनै दलमा संलग्न छन् । त्यसकारणले गर्दा आम मतदाता राजनीतिक दलका घोषणापत्रबाट आश्वस्त छैनन् । साँच्चै सुन्छि भन्ने अलिकति पनि विश्वास छैन ।

जस्तो कि एउटा अमूक दलले गत चुनावमा जति प्रतिव्यक्ति आय बढाउँछु भनेको थियो यो वर्ष त्योभन्दा आधा मात्रै भनेको रहेछ । यसले के देखायो भने दृढ इच्छाशक्ति या कार्यान्वयन क्षमता रहेनछ अथवा शासकीय क्षमता रहेनछ भन्ने देखाउँछ । त्यसैले जनताले पहिले पनि यही भनेको थियो अहिले पनि भन्ने मात्रै त हो नि भन्ने थाहा पाइसकेका छन् । अथवा त्यो अर्थबाट लिन थालेका छन् ।

राजनीतिक दलहरूले अहिले मतलाई प्रभाव पार्ने काम मात्रै गरिरहेका छन् तर वास्तविक रूपमा जनताको दिनचर्या परिवर्तन गर्ने विषयवस्तुहरू कहिल्यै सम्बोधन भएनन् । हामीले भोगेको चुनावी घोषणापत्रमा भएका कुरा पूरा भएको देखिएको छैन ।

कति जनशक्ति उत्पादन गर्ने, विकास भएको जनशक्ति प्रतिस्पर्धी बनाउने कुरा राजनीतिक दलहरूले बोल्नुपर्छ । यस्ता कुरामा नबोलेर महत्वाकांक्षी विषय मात्रै बोलिरहनुभएको छ उहाँहरू । घोषणापत्रमा भएका कुरा पूरा गर्न सक्ने सामर्थ्य नै छैन । हामीले संविधान कार्यान्वयन गरेको ७ वर्ष भयो । तर संविधान अनुसारको शिक्षा ऐन अहिलेसम्म ल्याउन सकेका छैनौं ।

त्यसैगरी माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको भन्यौं तर त्यो अनुसारको संरचना बनाएनौं । कानुनी पूर्वाधारहरू बनाएनौं । उच्च शिक्षा सम्बन्धी समस्या पनि त्यस्तै छ । कति वटा विश्वविद्यालय नेपालमा बनाउने, कस्तो खालको जनशक्ति तयार गर्ने र उच्च शिक्षा र माध्यमिक तहको शिक्षा जोड्ने कुरामा ऐन नआउँदा समस्या भइरहेको छ । कम्तीमा पनि यी दुई ऐन आएको भए त्यसरी लैजान्छन् कि भन्ने आशा हुन्थ्यो । गर्न खोजेका रहेछन् भन्ने हो तर अहिलेसम्म ऐन ल्याउन नसकेको अवस्थामा फेरि पनि उही आश्वासनमा कसरी आश्वस्त हुने हो र ?

शिक्षाका सम्बन्धमा राजनीतिक दलहरूको द्वैध मापदण्ड छ । शिक्षक, प्राध्यापक, विद्यार्थीबाट सबै राजनीतिक दलहरूले आृनो र ाजनीतिक भविष्यको आधार तयार गरिरहेका छन् । उनीहरूले घोषणापत्रमा भने जस्तो र ाजनीतिक हस्तक्षेपमुक्त बनाउन विश्वविद्यालय, विद्यालयमा विद्यार्थीको रूपमा, शिक्षकको रूपमा, प्राध्यापक, कर्मचारीहरू वर्गले नै दिंदैनन् ।

त्यहाँ सुधार गर्दा त भोलि उहाँहरूले काम गर्नुपर्छ, राम्रोसँग गतिविधि निर्वाह गर्नुपर्छ । अहिलेको शिक्षा ऐन, कानुन, नीति सबै परिवर्तन नगरी हुँदैन । शिक्षा बिग्रे सबै बिग्रिन्छ सबै सुधार गर्नको लागि शिक्षामा सुधार आवश्यक छ । तर, राजनीतिक दलहरूमा दृढ इच्छाशक्ति देखिएको छैन । अहिलेको घोषणापत्रबाट त्यो दृढ इच्छाशक्ति राख्छन् भन्ने विश्वास गर्न मुश्किल छ ।

साभार

# बागमती खोलामा एक लाख माछाका भुरा छोडियो

साझाकुरा संवाददाता

हेटौंडा, २४ कार्तिक/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा बागमती खोलामा एक लाख माछाको भुरा छोडिएको छ ।

प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौंडाले बिहीवार बागमती पुगेर खोलामा माछाका भुरा छोडेको हो । बागमती नदीमा रहु र नैनी जातका १ लाख माछाका भुरा बागमती नदीमा छाडिएको थियो । बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यता तथा प्राकृतिक जलाशय केन्द्रका प्रमुख सरोज कुमार यादवको सभाध्यक्षतामा कार्यक्रम गरिएको थियो । कार्यालयले यसअघि नारायणी नदीमा ४० हजार भुरा छोडेको थियो । मकवानपुरको सामारी नदीमा पनि ३४ हजार माछाका भुरा छोडिएको थियो ।



कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष घलानले गाउँपालिकामा पनि माछा मारेर जिविका चलाउने समुदाय रहेको भन्दै भविष्यमा यो कार्यले उक्त समुदायलाई सहयोग पुग्ने बताए । वर्तमान समयमा खोलानालमा विभिन्न विद्युतीय उपकरणको प्रयोग र कल कारखानाबाट फालिएका विभिन्न केमिकलहरुले गर्दा खोला नालामा माछाको संख्या घट्न पुगेको घलानले बताए । कार्यालयका प्रमुख यादवले प्राकृतिक जलाशयमा जलीय जैविक विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जिवन उकास्नको लागि स्थानीय जातको मान्छा छोड्ने कार्यक्रम गरिएको बताए ।

खोला नालामा फोहोर ढल मिसाउने, विषादी हाल्ने, करेन्ट लगाउनेलगायतका कारणबाट जलचर मासिने क्रम बढेकाले यसको संरक्षण गरी नदीमा आश्रित समुदायको जिवनस्थर विकासका लागि आफुहरुले माछाका भुरा छोड्ने कार्यक्रम गरेको कार्यालय प्रमुख यादवले बताए । उनले नेपालमा ४ लाख १ हजार हेक्टर प्राकृतिक जलाशयको क्षेत्रफल रहेको र देशमा उत्पादन हुने कुल ९७ हजार मेट्रिक टन माछामध्ये २१ प्रतिशत माछा प्राकृतिक जलाशयबाट उत्पादन हुने बताए । जसमध्ये प्राकृतिक जलाशयमा ४ लाख जनसंख्या निर्भर रहेको समेत यादवले बताए ।

आर्थिक वर्ष ०७९/०८० को कार्यलयको वार्षिक कार्यक्रमको रुपमा ६ वटा कार्यक्रम रहेकोमा आगामी कार्यक्रम कोशी, कर्णाली, सप्तकोशी, कालीगण्डकीलागायतका नदीहरुमा रहेको जानकारी गराइएको थियो । कार्यक्रममा कार्यालयका मत्स्य विकास अधिकृत गोमा कुवर, बलराम आर्चाय, प्रशासन सहायक स्नेह गिरी, महोन यादव, विश्वास रानालगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्री पाण्डे र प्रमुख सचिव निरौलालाई आयोगको स्पष्टीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ निर्वाचन आयोग नेपालले आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको आचारसंहिता लागू भएपछि अध्यादेश जारी गरेको भन्दै मुख्यमन्त्री र प्रमुख सचिवलाई स्पष्टीकरण सोधेको छ ।

आयोगले बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डे र प्रमुख सचिव मुकुन्द प्रसाद निरौलालाई स्पष्टीकरण सोधेको हो । निर्वाचन आचारसंहिता लागू भइसकेपछि प्रदेश सरकारले प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी भएको देखिएको भन्दै मुख्यमन्त्री र प्रमुख सचिवलाई स्पष्टीकरण सोधेको हो ।

पाण्डे धादिङबाट प्रतिनिधिसभाका उम्मेदवारसमेत छन् । आयोगले पत्र प्राप्त भएको समयले २४ घण्टाभित्र निर्वाचन आयोगमा प्राप्त हुने गरी स्पष्टीकरण पेस गर्न निर्देशनसमेत दिएको छ ।

प्रदेश सरकारले ३० असोजमा प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गरेको थियो ।

आयोगले प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई अध्यादेशलाई राजपत्रमा प्रकाशित नगर्न निर्देशनसमेत दिएको छ । राजपत्रमा प्रकाशित नहुँदासम्म अध्यादेश कार्यान्वयन नहुन कानुनी व्यवस्था छ । निर्वाचन आयोगले प्रदेश सरकारलाई जारी गरेको निर्देशन संघीय सरकारलाई पनि आकर्षित हुने देखिएको छ । सरकारले गत साता सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश मन्त्रिपरिषदबाट स्वीकृत गरी जारी गर्नका लागि राष्ट्रपति कार्यालयमा पठाएको थियो । तर, राष्ट्रपति कार्यालयले अध्यादेश जारी गरेको छैन ।

# विश्वकप उद्घाटनमा नोरा फतेही र निकी मिनाजले सहकार्य गर्ने

काठमाडौं/बलिउड अभिनेत्री नोरा फतेही आफ्नो नृत्य कौशलले परिचित छन् । मंसिर ४ गतेदेखि सुरु हुने फिफा विश्वकप फुटबलको उद्घाटन समारोहमा उनले प्रस्तुति दिने कुरा अब नयाँ रहेन ।



तर यसभित्र एउटा नयाँ कुरा छ । विश्वचर्चित गायिका निकी मिनाजसँग नोराले फिफाको आधिकारिक गीत 'लाइट द स्काई'को प्रस्तुतिमा सहकार्य गर्ने जनाइएको छ ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमले नोरा फतेही र निकी मिनाजको सहकार्यबारे समाचार लेखेका छन् । यो गायनसँगै नोरा गायिकाहरु जेनिफर लोपेज र शकिराकै क्लबमा ज्वाइन हुनेछिन्, जसले यसअघिका विश्वकप उद्घाटन समारोहमा प्रस्तुति दिइसकेका छन् । नोरा यसअघि कतार विश्वकपको आधिकारिक गीतमा फिचर्ड भइसकेकी छिन्, जुन अक्टोबर ७ मा रिलिज भइसकेको छ । कुनै भारतीय सेलिब्रिटीले विश्व खेलकुदको महाकुम्भमा सहभागी हुन लागेकी हुन् । इभेन्टमा नोराले हिन्दी गीत गाउने भनिए पनि यसबारे औपचारिक जानकारी आइसकेको छैन । *अनलाइनखबरबाट*

# आँचललाई 'झिंगेदाउ'ले राहत, अब 'वर एन्ड वधु'को आश

अभिनेत्री आँचल शर्माको करिअर उतारचढावपूर्ण छ । उनी कहिले हिट त कहिले फ्लप फिल्मको साक्षी बनेकी छन् । उनको डेब्यू फिल्म 'नाईं नभन्नू ल ४' सफल भएको थियो भने दोस्रो फिल्म 'जोनी जेन्टलम्यान'फ्लप भयो ।

तेस्रो फिल्म 'शत्रु गते'ले उनलाई पुनः सफलताको सु:ख दियो । तर, चौंथो फिल्म 'ब्ल्याक' टाँट पल्टियो । फेरि पाँचौं फिल्म 'दाल भात तरकारी' सुपरहिट सावित भयो ।



तर, फिल्म हिट हुँदा पनि उनले त्यसको श्रेय पाउन सकेकी थिइनन् । किनकि, उनका हिट फिल्ममा नाम चलेका कलाकारहरुको ठूलो जत्था थियो । र, सफलताको क्रेडिट पनि अरु नै कलाकारको पोल्टामा पर्‍यो । यस वर्ष प्रदर्शनमा आएको फिल्म 'झिंगेदाउ'ले भने आँचललाई ठूलो राहत दिएको छ । केकी अधिकारी र आँचलले नै फिल्म बोकेकाले त्यसको सफलताको श्रेय पनि दुवैले पाए ।

'झिंगेदाउ'बाट आँचलले पहिलो पटक अभिनयको प्रशंसा पनि कमाइन् । फिल्ममा उनको अभियन लाउड भएता पनि अस्वभाविक भने थिएन । हलमा दर्शक हँसाउने जिम्मा नै निर्देशकले उनले निर्वाह गरेको चरित्रलाई दिएका थिए । र, उनी आफ्नो चरित्रमा खरो रुपमा उत्रिएकी थिइन् । उक्त फिल्मको सानदार सफलताले उनको संकट र अन्योलग्रस्त करिअरलाई धेरै हदसम्म बचाएको छ ।

अब अभिनेत्री शर्मालाई आगामी फागुन १९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'वर एन्ड वधु'बाट ठूलो आशा छ । यो फिल्म पनि व्यवसायिक रुपमा सफल भए उनका लागि यस वर्ष फलिफाप सिद्ध हुनेछ । र, वर्षकै सर्वाधिक सफल नायिका बन्नेछिन् । आगामी नयाँ वर्षमा भने उनी अभिनीत फिल्म 'नाईं नभन्नू ल ६' प्रदर्शनमा आउने तयारीमा छ । यो फिल्म हिट हुनेमा दुईमत छैन ।*फिल्मीखबरबाट*

# जडीबुटी चीनतर्फ पठाउन सके अर्थतन्त्रको तस्बिर फेरिन्छ : उपराष्ट्रपति पुन

कार्यवाहक राष्ट्रपति नन्दबहादुर पुनले चीनतर्फ नेपालको निकासी व्यापारले अपेक्षाकृत गति लिन नसकेको भन्दै चिन्ता जनाएका छन्।




चीनसँगको सुमधुर राजनीतिक सम्बन्धका बाबजुद नेपालले आर्थिक सम्बन्ध विस्तार गर्न नसकेको उनको भनाइ छ।

नेपाल-चीन व्यापारिक सम्झौताअनुसार चीनले प्रदान गरेका सुविधा उपयोग गर्दै नेपाली वस्तुको निकासी बढाउनुपर्ने उनले बताए।

नेपाल चीन उद्योग वाणिज्य संघको २३ औं वार्षिक साधारणसभालाई बिहीबार राजधानीमा आयोजित समारोहमा सम्बोधन गर्दै कार्यवाहक राष्ट्रपति पुनले कृषिजन्य उत्पादन, जडिबुटी र खानीजन्य सामग्री चीनतर्फ निर्यात गर्न सकिने सम्भावना रहेको बताए।'हामीले चिनियाँ बजारको अध्ययन गरी त्यहाँका उपभोक्ताको रुचिलाई मध्यनजर गर्दै नेपाली बस्तु निकासी गर्न सक्नुपर्छ', उनले भने, 'यसका लागि नेपाल चीन उद्योग वाणिज्य संघलगायतका संस्थाहरुले समन्वय र सहकार्य गर्नु आवश्यक छ।'

चीनजस्तो संसारकै आर्थिक रुपमा महाशक्ति राष्ट्रसँग नेपालको व्यावसायिक सम्बन्ध विकास हाम्रा लागि नेपालका लागि ठूलो अवसर पनि भएको उनको भनाइ थियो।चिनियाँ बजारमा नेपालले अफ्ना मौलिक उत्पादनहरु निर्यातको अवसर पाउँदा देशको अर्थतन्त्रको तस्बिर नै बदलिन सक्ने उनले तर्क गरे। पछिल्लो दशकमा भूकम्प, पहिरो तथा कोभिड महामारी जस्ता कारणले नेपाल चीनबीचको व्यापारिक सम्बन्ध अपेक्षित विस्तार हुन सकेको उल्लेख गर्दै उनले नेपाली वस्तु निकासी गर्दा कच्चा पदार्थको प्रशोधन गरी पूर्ण रुपमा तयारी बस्तुमात्र निकासी गर्नुपर्ने उल्लेख गरे। नेपालका लागि चिनियाँ दूतावासका चार्ज डे अफेयर्स वाङ सिनले दुई मुलुकबीचको आर्थिक तथा व्यापारिक सम्बन्धमा नेपाल चीन उद्योग वाणिज्य संघले निर्वाह गरेको भूमिकाको प्रशंशा गरे।

उनले दुवै मुलुकबीच रहेको पुरानो सम्बन्धलाई अब व्यापार व्यवसायका माध्यमले थप बलियो बनाउनुपर्ने धारणा राखे।

# अब मर्जर प्रक्रियामा रहेका कम्पनीको १५ दिन मात्रै सेयर कारोबार रोक्का

काठमाडौं / नेपाल धितोपत्र बोर्डले मर्जर तथा प्राप्तिमा जाने कम्पनीहरुको सेयर रोक्का हुने व्यवस्था खारेज गरेको छ । बोर्डले 'धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने र गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९' जारी अब मर्जर हुँदा साधारण सेयरधनीको सेयर कारोबार एकिकृत कारोबार हुँदा १५ दिन मात्रै रोक्का हुने भएको छ ।




तर, आधारभुत सेयर धनीको सेयर कारोबार भने रोक्का हुनेछ । मर्जर सम्झौता भएको सूचीकृत कम्पनीले प्रारम्भिक सम्झौतामा हस्ताक्षर गरेको दिन वा भोलिपल्ट कारोबार सुर हुन अगाडि साधारणसभा नभएसम्म सेयर कारोबार रोक्का राख्न आधारभुत सेयरधनीको विवरणसहित संगठित संस्थाले धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्था समक्ष निवेदन दिनुपर्ने निर्देशिकामा उल्लेख छ । यस्तै आधारभुत सेयर धनीको विवरण धितोपत्रको राफसाफ तथा अन्य कुनै कारणले हेरफेर भएमा तत्काल वा भोलिपल्ट कारोबार समय अगाडि नै धितोपत्र बजार वा केन्द्रीय निक्षेप सेवा प्रदायकलाई उपलब्ध गराउनुपर्ने निर्देशिकामा उल्लेख छ ।

सोहीअनुसार कारोबार रोक्का हुने आधारभूत सेयरधनीको विवरण अद्यावधिक हुने जनाइएको छ । निर्देशिका कार्यान्वयनमा आएसँगै साधारण सेयधनीको सेयर कारोबार भने १५ दिनका लागि मात्रै रोक्का हुने भएको छ । 'मर्जरमा गएको संस्थाको एकीकृत व्यवसायीक कारोबार गरेको मितिबाट गाभ्ने/गाभिने वा प्राप्तिको हकमा लक्षित संस्थाको सेयर मिलान, धितोपत्र पुन: दर्ता, धितोपत्रको अभौतिकीकरण तथा सूचिकरण प्रयोजनको लागि बढीमा १५ कार्य दिनसम्म सेयर कारोवार रोक्का राख्न सम्बन्धित संगठित संस्थाले धितोपत्र बजार समक्ष निवेदन दिनुपर्नेछ,'निर्देशिकामा भनिएको छ ।

हाल मर्जर प्रक्रियामा रहेका कम्पनीको पनि निवेदन दिएर कारोबार खोल्न सकिने नेपाल धितोपत्र बोर्डको अध्यक्ष रमेश कुमार हमालले बताए । 'आधारभुत सेयर धनीको प्रारम्भिक सम्झौता भएदेखि एकीकृत कारोबार हुँदासम्म रोक्का हुन्छ भने, सो बाहेक सेयरधनीको भने हुँदैन,' बोर्ड अध्यक्ष हमालले भने, 'आधारभुत बाहेकका सेयर धनीको एकिकृत कारोबार हुँदा अधिकतम १५ दिन कारोबार रोक्का हुन्छ । अहिले कारोबार रोक्का रहेको कम्पनीले पनि निवेदन दिएर आधारभुत सेयधनी बाहे अन्यको सेयर कारोबार सुरु गर्न सक्छन् ।'

बोर्डले जारी गरेको निर्देशिका अनुसार यसअघि मर्जर तथा प्राप्तीकै कारणले सेयर रोक्का रहेका कम्पनीहरुको कारोबार फुकुवा गर्नुपर्नेछ । सम्बन्धित कम्पनीले आधारभूत सेयरधनी बाहेक अन्य सेयरधनीको कारोवार फुकुवा गर्न आधारभुत सेयरधनीको विवरणसहित धितोपत्र बजार र केन्द्रीय निक्षेप सेवा प्रदायक संस्था समक्ष निवेदन दिनुपर्नेछ ।

निवेदनको आधारमा धितोपत्र बजार तथा केन्द्रीय निक्षेप सेवा प्रदायक संस्थाले संगठित संस्थाको आधारभूत सेयरधनी बाहेकको कारोवार तत्काल खोल्ने व्यवस्था गर्नुपर्नेछ । उक्त निर्देशिका २४ कात्तिक बिहिबारबाटै कार्यान्वयन भएको बोर्ड अध्यक्ष हमालले बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**"तपाई हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# थापा र श्रेष्ठको प्रतिवद्धता: हेटौंडामा विद्युतीय बसदेखि सुरुङमार्गसम्म

साझाकुरा संवाददाता



हेटौंडा, २४ कात्तिक/ नेकपा एमालेका मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ का उम्मेदवार कमल थापा र प्रदेशसभा १ को (ख)का उम्मेदवार एकालाल श्रेष्ठले प्रतिबद्धता पत्र सार्वजनिक गरेका छन् ।

थापा र श्रेष्ठले बिहीवार हेटौंडामा पत्रकार सम्मेलन गरेर प्रतिबद्धता पत्र सार्वजनिक गरेका हुन् । कार्यक्रममा थापा भने उपस्थित थिएनन् । उनी चुनावी कार्यक्रमका लागि पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाको बेतिनी क्षेत्रमा पुगेका थिए । थापाको व्यवस्तता तीन दिनसम्म पूर्वी क्षेत्रमा निरन्तर चुनावी कार्यक्रम रहेको जनाइएको छ । प्रतिबद्धता पत्र सार्वजनिक कार्यक्रममा प्रदेशसभा सदस्यका उम्मेदवार श्रेष्ठसहित एमालेका सल्लाहकार कमिटी सदस्य तथा बागमतीका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, राप्रपा नेपालका जिल्ला अध्यक्ष गुरुप्रसाद सापकोटा लगायतको उपस्थिति थियो ।

प्रतिवद्धता पत्रमा हेटौंडामा विद्युतीय बस सञ्चालनदेखि आन्तरिक विमानस्थल निर्माणको लागि पहल गर्नेसम्मको योजना उल्लेख गरिएको छ । हेटौंडाबाट लामो तथा मध्यम दुरिको विद्युतीय बस सञ्चालन गरिने, विमानस्थल निर्माणको लागि पहल गर्ने, हेटौंडामा बजार क्षेत्रको सडक फराकिलो पारी चक्रपथसँगै वाइपास सडक निर्माण गर्ने, प्रदेश विश्वविद्यालयको स्थापना तथा सञ्चालन, खेलकुद क्षेत्रको विकास गर्न 'एक विद्यालय एक खेल शिक्षक'को नीतिगत व्यवस्थाको लागि पहल गर्ने लगायतका महत्वाकांक्षी योजना प्रतिवद्धता पत्रमा समेटिएको छ ।

क्याम्पाडाडाको रंगशालालाई प्रादेशिक रंगशालाको रुपमा विकास गर्ने, नसर्ने रोगहरुको नि:शुल्क परिक्षण, बाँझो जमिनको तथ्यांक संकलन गरी भुमि बैंक स्थापना गरेर उपयुक्त खेती प्रणालीको विकास गरिने उल्लेख गरिएको छ । प्रतिवद्धतामा विगतको एमालेको संघीय र बागमती प्रदेश सरकारले सुरु गरेका विकासका योजनालाई पनि निरन्तरा दिइएको छ । बाइपास सडक, हेटौंडा-काठमाडौं सुरुङमार्ग, चक्रपथ सडक, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायतका योजना प्रदेश सरकारले अघि सारेका थिए । हेटौंडा उपमहानगरका सबै वडाहरु र बस्तीहरुलाई सडक सञ्जालमा समेटिने गरी नगर सडकलाई व्यवस्थित गरिने जनाइएको छ । कर्रा तथा राप्ती खोलामा करिडोर निर्माण गरी पर्यटकीय गतव्य स्थान बनाइन प्रदेशसभा सदस्यका उम्मेदवार श्रेष्ठले बताए ।

हालसम्म सडकको पहुँच नपुगेका वस्तीहरुमा सडकको पहुँच पुऱ्याएर सडकको स्तरीकरण तथा विस्तार गरिने उनको योजना छ । हेटौंडा बजार क्षेत्रका सडक फराकिलो बनाई वाइपास सडकका साथै वैकल्पिक चक्रपथको निर्माण गरी हेटौंडाको सडक र बसोबासलाई व्यवस्थित गर्न सरोकार वाला निकायहरुसँग समन्वय र सहकार्य गरिने श्रेष्ठले बताए । उपयुक्त स्थानको खोजी गरी हेटौंडामा विमानस्थलको निर्माणका लागि पहल गरिने जनाइएको छ । कान्ति लोकपथको निर्माण तत्काल सम्पन्न गराउन पहल गर्नुका साथै पूर्ण रुपमा सञ्चालनमा ल्याइने उनले बताएका छन् ।

हेटौंडा उपमहानगर पालिकालाई महानगर बनाउन पूर्वाधार तयार गर्नेसम्मका योजना एमालेले अघि सारेको छ । प्राविधिक जनशक्ति तयार गर्न प्राविधिक शिक्षा (जस्तै: वन, कृषि, पशु, इन्जिनियरिङ, स्वास्थ्य) शैक्षिक संस्थाहरुको स्थापना तथा सञ्चालन गर्न पहल गरिने उम्मेदवार श्रेष्ठले जानकारी दिए । सडक, खानेपानी, विद्युतीकरण, पुलपुलेसा, सिंचाई, तटबन्ध, नदी नियन्त्रण, शहरी विकास, बस्ती संरक्षण लगायतका निर्माण कार्यलाई गुणस्तरीय, दीगो एवं उपलब्धिमूलक बनाउने नीतिलाई प्राथमिकतामा राखिने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ ।

मकवानपुरको पूर्वी क्षेत्र अन्तर्गतको शहरी, अर्धशहरी, ग्रामीण तथा विकट भेगसमेत पर्ने यस क्षेत्रमा सडक सञ्जाललाई गुणस्तरीय रुपमा विकास गरी कृषि, शिक्षा, स्वास्थ्य र बजारीकरणलाई सघाउ पुऱ्याउने भौतिक निर्माणमा जोड दिइने जनाइएको छ ।

हेटौंडालाई शैक्षिक हबको रुपमा विकास गरिने एमालेको योजना छ । गौरीटार रंगशालालाई आधुनिक र व्यवस्थित गर्दै खेल पर्यटनको रुपमा विकास गरिने उल्लेख छ । कर्रा करिडोर र मनकामना डाँडा हुँदै शिखरकटेरी– रानीखोलाको किनार हुँदै साइक्लिङ ट्रेल निर्माण गर्न पहल, हुप्रचौर वा अन्य उपयुक्त स्थान छनौट गरी क्रिकेट विशेष प्रशिक्षण केन्द्रका रुपमा विकास गरिने, क्याम्पाडाँडा खेलमैदानलाई प्रादेशिक रंगशाला बनाइने र सबै वडामा व्यवस्थित खेल मैदान बनाइने प्रतिबद्धता पत्रमा जनाइएको छ ।

पर्यटनतर्फ डाईभर डाँडा, पदमपोखरी पर्यटकीय क्षेत्र, लक्ष्मी नारायण मन्दिर, चुरियामाई, भुटनदेवी, कुष्माण्ड, वनस्खण्डी, गोरक्षेश्वर, गुम्वा, मस्जिद, चर्च आदि धार्मिक क्षेत्र, र पार्कहरुलाई समेटेर एकीकृत पर्यटकीय विकास अभियान प्रारम्भ गरिने जनाइएको छ । सुख्खा टारी क्षेत्रमा भूमिगत सिंचाईको सभाव्यता अध्ययन गरी सिंचाइको व्यवस्था, भूगोल अनुसारको खेतीयोग्य जमिन सिंचाई गर्न बोरिङ, लिफ्ट, आकाशे पानी र थोपा सिंचाई प्रणालीको व्यवस्था, हेटौंडा औद्योगिक क्षेत्रभित्रको कपडा उद्योग सञ्चालनमा पहलदेखि हेटौंडा सिमेन्टलाई पूर्णसञ्चालनमा ल्याउन महत्वपूर्ण भूमिका खेलिने जनाइएको छ ।

# ईन्द्र बानियाँलाई विपक्षीहरुकै समर्थन बढ्दै

साझाकुरा संवाददाता



हेटौंडा/मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्वर २ (ख) मा लोकतान्त्रिक बाम गठबन्धनका उम्मेदवार ईन्द्रबहादर बानियाँले आफ्नो पक्षमा प्रतिष्पर्धी उम्मेदवार देखि विपक्षीहरुसम्मको समर्थन बढाउँदै गईरहेका छन् ।

बुधबार मात्रै बानियाँलाई विपि कांग्रेसको समानुपातितर्फको ३ जना उम्मेदवारले आफ्नो उम्मेदवारी निस्क्रिय पार्दै बानियाँलाई समर्थन गरेका थिए । उनलाई समर्थन गरेको खुसीलाल प्रजाले बानियाँ जनताको सुखदुखमासंगै रहेकोले पश्चिम मकवानपुरको विकासको लागि आवश्यक भएकाले आफुले उनलाई समर्थन गरेको बताए ।

यसअघि स्वतन्त्र उम्मेदवारी दिएका प्रजाले उम्मेदवारी निस्कृय गर्दै भने बानियाँले मकवानपुरमात्र नभई समग्र बागमती प्रदेशकै जनताको हितका लागि योगदान दिएको भन्दै बागमती प्रदेशमा शुरुवात भएका पूर्वाधार विकास र अन्य कामलाई पूर्णता दिन बानियाँले नै जित्नुपर्ने बताए । उनले आफ्नो उम्मेदवारीले संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानजस्ता उपलब्धी मास्न खोज्नेहरुलाई बल पुग्ने खतरा देखिएकोले पनि आफुले बानियाँलाई समर्थन गरेको बताए ।

नेपाली कांग्रेस वीपीबाट उम्मेदवारी दिएका पदमबहादुर तितुङ पनि कांग्रेसमै फर्किएर उम्मेदवारी निस्कृय गर्दै बानियाँको चुनावी सारथी बनेर हिडिसकेका छन् । पत्रकार सम्मेलन गरेर तितुङले इमान्दार छवि भएका बानियाँ नै चुनावी मैदानमा आएपछि आफुले उम्मेदवारी निस्कृय गरेर कांग्रेस र बानियाँलाई जिताउने अभियानमा लागेको बताए ।

वीपी कांग्रेसबाटै सोही क्षेत्रका समानुपातिक उम्मेदवार क्रमश कुमार बल, रामकुमारी घलान र जानुकी लामाले पनि उम्मेदवारी निष्क्रिय गराउँदै बानियाँलाई सघाउन घरदैलोमा निरन्तर पुगिरहिका छन् । उनीहरुले विज्ञप्ती जारी गर्दै गठबन्धनको तर्फबाट प्रतिस्पर्धामा रहेका नेपाली कांग्रेसका बानियाँलाई समर्थन गर्न आम मतदातालाई आग्रहसमेत गरे ।

२०७४ को निर्वाचनमा बानियाँसँगै प्रतिस्पर्धामा रहेका तत्कालिन नेकपा एमालेका नेता राजाराम स्याङ्तान उनीसँगै छन् । बानियाँले उम्मेदवार मात्रै होइन विपक्षी नेताहरुलाई पनि आफ्नो पक्षमा ल्याएका छन् । स्थानीय तहको निर्वाचनमा राक्सिराङ गाउँपालिका वडा नम्बर ७ का एमाले अध्यक्ष एवं २०७४ मा वडा अध्यक्षका प्रत्यासी पूर्णबहादुर चेपाङ बानियाँलाई समर्थन गर्दै कांग्रेसमा प्रवेश गरेका छन् ।

बानियाँले आफ्नो क्षेत्रका पार्टीका असन्तुष्ट नेता, कार्यकर्ता, प्रभावशाली सामाजिक अभियानमा जुटेका व्यक्तिहरु, पेशाकर्मी र युवा अभियन्ताहरुबीच पनि अन्तरक्रिया गर्दै आफ्नो पक्षमा माहोल जुटाईरहेको नेपाली कांग्रेस मकवानपुर संघीय क्षेत्र नम्बर २ का सभापति लोकबहादुर मुक्तानको भनाई छ । प्रतिस्पर्धी उम्मेदवारहरुको समर्थनले आफुसँगै विकास चाहाने जनता उत्साहित भएको बानियाँले प्रतिक्रिया दिएका छन् ।

# खड्काले भने, 'मैले मापसे गरेको थिइँन'

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा गठबन्धनबाट उम्मेदवार रहेका विरोध खतिवडालाई हातपात गरेको आरोप लागेका पुरुषोत्तम खड्काले आफूले मादक पदार्थ सेवन (मापसे) नगरेको बताएका छन् ।

साझाकुराको सम्पर्कमा आएका खड्काले आफूले मापसे गरेको भनी आएको समाचारप्रति खण्डन व्यक्त गरेका छन् । उनले आफूले मापसे नगरेको बताए ।

मनहरी गाउँपालिकामा भएको गठबन्धनको चुनावी सभातर्फ जाने क्रममा खड्काले खतिवडामाथि हातपात गरेको आरोप थियो । उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रहरी स्रोतले भने खड्काले मापसे गरी हातपात गरेको सूचना सञ्चारमाध्यमले जानकारी गराएको थियो ।

गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)ले पनि आफ्नो विज्ञप्तिमा खड्काले मापसे गरेर दुर्व्यवहारको प्रयास गरेको बताएका थिए ।

प्रहरीले नियन्त्रणमा लिएपछि हेटौंडा अस्पतालमा गरिएको मेडिकल जाँचका क्रममा खड्काले मापसे नगरेको पुष्टि भएको थियो । खड्काले आफूमाथि मापसे गरेको भनी भ्रमपूर्ण तरिकाबाट आरोप लगाएको भन्दै उक्त शब्द सच्याउन आग्रह गरेका छन् ।

प्रहरी हिरासतमा रहेका खड्कालाई उम्मेदवार खतिवडाकै आग्रहमा प्रहरीले बुधवार हिरा गरेको थियो । खड्कालाई कुनै कारबाही नगरी रिहा गरिदिन उम्मेदवार खतिवडाले बुधवार नै मकवानपुरका प्रहरी उपरीक्षक वामदेव गौतमलाई आग्रह गरेका थिए ।

# संविधान नमान्नेलाई जनतासँग मत माग्ने अधिकार छैन :डीना

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ लोकतान्त्रिक बाम गठबन्धनबाट मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर १ की उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले जनताको अधिकार स्थापित गर्न ल्याएको संविधान नमान्नेहरुलाई जनतासंग मत माग्ने नैतिक अधिकार नभएको बताएकी छन् ।

बिहिवार बागमती गाउँपालिका वडा नम्बर ९ लितिमा भएको चुनाबीसभामा बोल्दै उम्मेदवार डीनाले यस्तो बताएकी हुन् । उनले कमल थापा र दिपक सिंह अहिले जनताको घर-घर पुगेर भोट मागिरहेको भन्दै डीनाले जनताको अधिकारका लागि ल्याइएको संविधान नमान्ने उनीहरुलाई आज जनतासंग भोट माग्ने कुनै नैतिक अधिकार नै नभएको बताइन् । उम्मेदवार डीनाले आफु बिजयी भए यस क्षेत्रका लागि राष्ट्रिय बजेट ल्याउने दाबी गरिन् । गठबन्धनको जित सुनिश्चित भइसकेको बताउँदै उहाँले अब मंसिर ४ गते कुर्नु परेको बताइन् ।

यस्तैगरि मकवानुर क्षेत्र नम्बर १ प्रदेशसभा (क) का उम्मेदवार प्रेम बहादुर पुलामी छिन्तुले नेकपा एमालेको नेतृत्वमा देश नबन्ने ठोकुवा गरे । 'एमाले यो देशको बनमारा झार हो, यसले मुलुकको हित कहिल्यै सोच्दैन, छिन्तुले भने- 'त्यसैले गठबन्धनको सरकारले मात्रै मुलुकलाई समृद्धि दिन्छ ।' उनले यसअघि मुलुकको व्यवस्था परिवर्तन गरेको र अब अवस्था परिवर्तन गर्न गठबन्धन जुर्मुराएको बताए । उम्मेदवार छिन्तुले यस क्षेत्रमा सडक , विद्युत, शिक्षा र स्वास्थ्य जस्ता जनताका आधारभूत कुरालाई पुरा गर्न पुन : उम्मेदवारी दिएको दाबी गरे ।

लोकतान्त्रिक बाम गठबन्धन प्रचारप्रसार समिति वडा नम्बर ९ का सभापति मान बहादुर पाटाको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रिय सदस्य बिजय गौतम, बागमती प्रदेश कमिटि सदस्य लक्ष्मी पाखिन, नेपाली काँग्रेसका जिल्ला सचिव ईश्वर पाठक, कोषाध्यक्ष होमनाथ गौतम, काँग्रेस महासमिति सदस्य मिरा बञ्जारा, निर्वाचन क्षेत्र नम्बर १ का प्रचारप्रसार संयोजक दामोदर खनाल लगायतको उपस्थिती रहेको थियो ।

# कमल थापा बोक्नेलाई रुखमा छाप लगाएर जवाफ दिनुपर्छ :सिग्देल

हेटौंडा/नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज मुनु सिग्देलले कम्युनिष्टको पगरी गुथेर कमल थापा बोकेर हिंड्नेहरुलाई चुनावमा रुखमा छाप लगाएर जवाफ दिनुपर्ने बताएकी छन् ।

बिहीबार गठबन्धनको आयोजनामा हेटौंडामा भएको प्रदेशसभा 'ख'का अगुवा कार्यकर्ता भेलामा सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् । 'संविधान निर्माणार्थ सुझाव संकलनको क्रममा पल्पसा हलमा नेकपा एमालेका नेताहरुलाई व्यवस्था विरोधीहरुले आक्रमण गर्दा रामेश्वर राना लगायतका नेताहरुलाई मीना लामा र म भएर जोगाएका थियौं । मैले मेरो नेतालाई चोट खानबाट जोगाएको थिएँ, आज त्यही नेताको टिकट खोसेर कुर्सी हान्नेलाई केपी ओलीले टिकट दिए ।

अहिले एमालेका कार्यकर्ताले त्यस्ता व्यक्तिलाई कसरी भोट मागेर हिंड्न सकेका छन् अचम्म लाग्छ', सिग्देलले भनिन्, 'कम्युनिष्टको पगरी गुथेर कमल थापा बोकेर हिंड्नेहरुलाई यस चुनावमा रुखमा छाप लगाएर जवाफ दिनुपर्ने बेला आएको छ ।' ९ पटक निर्वाचन चुनाव उठेर पटकपटक मन्त्री समेत हुँदा समेत जिल्लाको विकासमा सिन्को नभाँचेका दमनकारीलाई एमालेले बोकेर हिंडेको भन्दै उनले मुलुकको आन्दोलन र प्राप्त उपलब्धीको विरुद्धमा जानेहरुलाई ठेगान लगाउने बेला आएको बताइन् ।






## डेंगीबाट बचौं !

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सादर आमन्त्रण



जन्म २०२३/०७/०८

स्वर्गारोहण २०६७९/०७/१४

हाम्री प्रतस्मरणीय पत्नी/आमा **कृष्णमाया बर्तौला**को ५६ वर्षको उमेरमा मिति २०७९ कात्तिक १४ गते सोमबार स्वर्गारोहण हुनुभएकोमा उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै सागरमा पाल्नुहुने तथा समवेदना व्यक्त गर्नुहुने आफन्तजन तथा छरछिमेकीप्रति आभार प्रकट गर्दै १३ औं दिनको पुण्यतिथिमा पितृ प्रसाद ग्रहणको लागि निम्न मिति, समय र स्थानमा सादर आमन्त्रण गर्दछौं ।

**प्रसादको समय:**
मिति: २०७९ कात्तिक २६ गते शनिबार
स्थान: आफ्नै निवास, हेटौंडा-१, चौकीटोल
समय: दिउँसो २ बजे

**प्रार्थी:**
**पति** : कृष्णप्रसाद बर्तौला
**छोरा/बुहारी** : अमितकुमार बर्तौला/ ईश्वरी बर्तौला
**छोरा** : अजितकुमार बर्तौला

असमर्थताको लागि: ९८४५४६०१७१

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.





